लोक सेवा आयोग

बीमा समिति, प्रशासन, अधिकृत तृतीय, सहायक निर्देशक पदको खुला/आन्तरिक

प्रतियोगितात्मक लिखित परीक्षा

२०७५।१०।२७

पत्र : द्वितीय

समय : ४ घण्टा

पूर्णाङ्क : १००

विषय : व्यवस्थापन, आयोजना व्यवस्थापन तथा वित्त

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## खण्ड "क" ४० अङ्क

१. Environmental Scanning तथा SWOT Analysis का बारेमा स्पष्ट जानकारी गराउनुहोस् । ५

२. Bureaucracy को सिद्धान्त प्रतिपादन गर्ने Max Weber का अनुसार समाजको अधिकार प्रयोग गर्ने नेतृत्वका प्रकार तिनको विशेषतासहित लेख्नुहोस् । ५

३. कुनै नयाँ संस्थाको स्थापनाको निम्ति मानव संसाधन योजना (Human Resource Planning) कसरी तयार गरिन्छ ? स्पष्ट पार्नुहोस् । ५

४. व्यवस्थापनको कार्यहरूको छोटकरीमा चर्चा गर्दै संगठनमा व्यवस्थापकको भूमिका कस्तो रहनु पर्दछ ? उल्लेख गर्नुहोस् । २.५+२.५=५

५. बीमा समिति जस्तो सार्वजनिक वित्तीय क्षेत्रको नियामक संस्थामा कर्मचारीको उत्प्रेरणाका प्रमुख कारक तत्वहरू के के हुन सक्छन् ? सैद्धान्तिक आधार उल्लेख गर्दै जवाफ दिनुहोस् । ५

६. रणनीति कार्यान्वयन प्रक्रियाका चरणहरूलाई छोटकरीमा चर्चा गर्नुहोस् । ५

७. कार्यसम्पादन मूल्याङ्कन कर्मचारीलाई कामप्रति उत्प्रेरित गर्ने एउटा प्रमुख व्यवस्थापकीय उपकरण मानिन्छ । तर यसको उद्देश्यानुसार प्रयोग भएको छैन भन्ने गुनासो संगठनभित्र सुन्ने गरिन्छ । यस पृष्ठभूमिमा कार्यसम्पादन मूल्याङ्कनको अवधारणाबारे संक्षिप्त चर्चा गर्दै के कस्तो उपाय अवलम्बन गरेमा यसको औचित्य स्थापित हुन्छ ? तर्क, तथ्य र उदाहरणसहित जवाफ दिनुहोस् । १०

## खण्ड "ख" २५ अङ्क

८. आयोजनाको आवश्यकता औंल्याउँदै यसको क्षेत्रबारेमा छोटकरीमा उल्लेख गर्नुहोस् । ५

९. आयोजना प्रस्ताव लेखनमा कुन कुन कुरालाई छुटाउनै नहुने गरी समेट्नुपर्ने हुन्छ ? कुनै आयोजनाको शीर्षकलाई उदाहरणका रूपमा प्रस्तुत गरी जवाफ दिनुहोस् । ५

१०. "लजिकल फ्रेमवर्क विश्लेषण" भन्नाले के बुझिन्छ ? चर्चा गर्नुहोस् । ५

क्रमश : ...

११. आयोजना भन्नाले के बुझिन्छ ? आयोजना व्यवस्थापनमा प्रभावपार्ने प्रमुख कारक तत्वहरू के के हुन् ? दृष्टान्तसहित आफ्नो धारणा प्रस्तुत गर्नुहोस् । १०

## खण्ड "ग" ३५ अङ्क

१२. Capital Budgeting को परिभाषा दिँदै यो लागू गर्ने प्रमुख तरीकाहरू (Techniques) उदाहरणसहित लेख्नुहोस् । ५

१३. Stocks मा लगानी पोर्टफोलियोको व्यवस्थापन गर्दा Beta for Market Portfolio को Coefficient लाई कसरी प्रयोग गरिन्छ ? प्रकाश पार्नुहोस् । ५

१४. Financial Forecasting को अवधारणाबारे प्रकाश पार्दै यसको आवश्यकता र औचित्यमाथि उदाहरणसहित प्रष्ट पार्नुहोस् । ५

१५. वित्तीय प्रणालीको प्रमुख क्षेत्रको रूपमा रहेको बीमा क्षेत्रमा क्रियाशिल बीमा कम्पनीको वित्तीय सफलता मापनका लागि के कस्ता Ratio Analysis का औजारहरूको सहयोग लिनु आवश्यक पर्दछ ? लेख्नुहोस् । ५

१६. नेपालमा Capital Market को स्थिति केलाउँदै वर्तमान् मुलभूत समस्याहरू के के हुन् ? उल्लेख गर्नुहोस् । ५

१७. सरकारी आयको मुख्य श्रोतहरू के के हुन् ? सरकारी आय संरचनामा प्रत्यक्ष करको भूमिका उल्लेख गर्दै उक्त भूमिका अझ वृद्धि गर्न कस्तो नीतिगत व्यवस्था आवश्यक हुन्छ ? कारणसहित प्रष्ट्याउनुहोस् । १०

:: समाप्त ::

लोक सेवा आयोग
बीमा समिति, प्रशासन, अधिकृत तृतीय, सहायक निर्देशक पदको खुला/आन्तरिक
प्रतियोगितात्मक लिखित परीक्षा
२०७५।१०।२८

पत्र : तृतीय
समय : ४ घण्टा

पूर्णाङ्क : १००

विषय : अर्थशास्त्र तथा अनुसन्धान पद्धति

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

खण्ड "क" ५० अङ्क

१. उत्पादनका साधनको परिचय दिंदै उत्पादनलाई प्रभाव पार्ने मुख्य तत्वहरू के के हुन् ? उल्लेख गर्नुहोस् । ५

२. गरिबी भनेको के हो ? यसको मापन गर्ने विधिहरू उल्लेख गर्नुहोस् । ५

३. विकासका निर्धारक तत्वबारे बयान गर्नुहोस् । ५

४. बजार संयन्त्रको सफल कार्यान्वयनको लागि चाहिने आवश्यक शर्तहरूको व्याख्या गर्नुहोस् । ५

५. नेपालले झण्डै ३ दशकदेखि आर्थिक उदारीकरण तथा निजीकरणको नीति अवलम्बन गर्दै आएको भए पनि देशमा पर्याप्त उद्योग धन्दाको विकास हुन नसक्नुका कारणहरू के के हुन् ? उल्लेख गर्नुहोस् । ५

६. घाटा बजेट (Deficit Budget) भनेको के हो ? उदाहरणसहित स्पष्ट पार्नुहोस् । ५

७. भुक्तानी सन्तुलन (Balance of Payment) भनेको के हो ? नेपालले आफ्नो व्यापार घाटालाई कसरी व्यवस्थापन गर्दै आएको छ ? स्पष्ट गर्नुहोस् । २.५+२.५=५

८. मुद्रास्फितिका कारणहरू के के हुन् ? यसलाई कसरी नियन्त्रण गर्न सकिन्छ ? लेख्नुहोस् । ५

९. परिवर्तनशिल उत्पादनको नियम (Laws of variable proportion) भन्नाले के बुझिन्छ ? यसका तीनवटा चरणहरू (stages) को बारेमा सचित्र (with figure) वर्णन गर्नुहोस् । साथै कुन चरणमा उत्पादन गर्नु उपयुक्त हुन्छ ? तर्कसहित उल्लेख गर्नुहोस् । १०

क्रमशः ...

## खण्ड "ख" — ५० अङ्क

१०. के कस्तो अवस्थामा Qualitative Research Method प्रयोग गर्नु उपयुक्त मानिन्छ ? उदाहरण दिई स्पष्ट पार्नुहोस् । ५

११. वैज्ञानिक अनुसन्धान (Scientific Research) का गुणहरूको विवेचना गर्नुहोस् । ५

१२. Literature Review कसरी गरिन्छ ? लेख्नुहोस् । ५

१३. अनुसन्धानका ढाँचा र प्रकारका सम्बन्धमा उल्लेख गर्नुहोस् । ५

१४. अनुसन्धानमा नमूनाको आकार (Sample size) कसरी निर्धारण गरिन्छ ? यसका आधारहरू के के हुन् ? लेख्नुहोस् । ५

१५. Research Methodology मा Focused Group Discussion (FGD) को के कस्तो महत्त्व हुन्छ ? प्रष्ट्याउनुहोस् । ५

१६. Parametric तथा Non Parametric परीक्षण (test) का बीच के कस्तो अन्तर रहेको छ ? उल्लेख गर्नुहोस् । ५

१७. अनुसन्धान प्रतिवेदनमा के कस्ता विषयलाई अनुसूचि (Appendices) मा राखिन्छ ? लेख्नुहोस् । ५

१८. प्रस्तावका तत्वहरूको बयान गर्नुहोस् र अनुसन्धानको प्राप्तिमा तिनीहरूको सम्बन्धको व्याख्या गर्नुहोस् । १०

:: समाप्त ::

लोक सेवा आयोग

## बीमा समिति, प्रशासन, अधिकृत तृतीय, सहायक निर्देशक पदको

## प्रतियोगितात्मक लिखित परीक्षा

२०७४।११।१०

पत्र : द्वितीय

समय : ४ घण्टा

पूर्णाङ्क : १००

### विषय : व्यवस्थापन, आयोजना व्यवस्थापन तथा वित्त

प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

### खण्ड "क" ४० अङ्क

१. व्यवस्थापनको क्षेत्रमा विकास भएका नवीनतम् अवधारणाहरूको बारेमा लेख्नुहोस् । ५

२. SWOT analysis को बारेमा प्रष्ट पार्नुहोस् । ५

३. कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको आवश्यकता औल्याउँदै बीमा समितिको वर्तमान् कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई व्यावहारिक र मापनयोग्य बनाउन सुझाव दिनुहोस् । २+३=५

४. संचारका विधिहरू उल्लेख गर्नुहोस् । कुनै पनि व्यावसायिक संस्थामा सञ्चार प्रणालीलाई प्रभावकारी बनाउन कस्तो विधि अपनाउन उपयुक्त हुन्छ ? लेख्नुहोस् । २+३=५

५. के-कस्ता कारणहरूले गर्दा निर्णयकर्ताको क्षमतामा प्रतिकूल प्रभाव पर्न सक्छ ? निर्णयकर्तालाई छिटो र जोखिमयुक्त अवस्थामा समेत निर्णय गर्न के-कस्तो वातावरणको आवश्यकता हुन्छ ? लेख्नुहोस् । ५

६. नेपालमा सार्वजनिक व्यवस्थापनको क्षेत्रमा उत्प्रेरणाको कुन सिद्धान्त बढी सान्दर्भिक हुन्छ ? उदाहरणसहित लेख्नुहोस् । ५

७. संगठनमा मानव संसाधन योजना (Human Resource Planning) कसरी गरिन्छ ? नेपालमा मानव संसाधन व्यवस्थापनमा देखिएका चुनौतीहरू केलाउँदै मानव संसाधन योजना तयार गर्न कुन कुन पक्षमा ध्यान दिनुपर्छ ? व्यावहारिक सुझाव दिनुहोस् । ३+३+४=१०

### खण्ड "ख" २५ अङ्क

८. आयोजना चक्र (Project Cycle) बारे सविस्तार उल्लेख गर्नुहोस् । ५

९. Project Proposal को परिचय गराउँदै यो तयार गर्दा उल्लेख गर्नुपर्ने मुख्य बुँदाहरू लेख्नुहोस् । ५

१०. आयोजनाको वित्तीय विश्लेषण गर्दा ध्यान दिनुपर्ने पक्षहरूको चर्चा गर्नुहोस् । ५

११. आयोजना व्यवस्थापनका सिद्धान्तहरू उल्लेख गर्नुहोस् । नेपालमा आयोजना तर्जुमा गर्दा उपरोक्त सिद्धान्तको कत्तिको पालना गरेको देख्नुहुन्छ ? नेपालको परिवेश अनुकूल आयोजना तर्जुमा गर्न कुन सिद्धान्तलाई अवलम्बन गर्नु उपयुक्त हुन्छ ? विश्लेषण गर्नुहोस् । ३+३+४=१०

क्रमश : ...

## खण्ड "ग" ३५ अङ्क

१२. Securities Market भन्नाले के बुझिन्छ ? नेपालको धितोपत्र बजारका समस्याहरू के के हुन् ? उल्लेख गर्नुहोस् । ५

१३. कुनै पनि संस्था वा कम्पनीको सञ्चालन अवस्था, मुनाफा र दीगोपनाको अवस्था थाहा पाउन कुन कुन वित्तीय अनुपातहरूको विश्लेषण गर्नुपर्दछ ? उदाहरणसहित प्रष्ट पार्नुहोस् । ५

१४. पूँजीगत बजेट तयार गर्नुका उद्देश्यहरू के के हुन् ? Payback विधिका फाईदा एवं बेफाईदाहरू बताउनुहोस् । २+३=५

१५. वित्तीय विवरणहरू तयार गर्नुको उद्देश्य के हो ? नेपाल लेखामान अनुसार वित्तीय विवरणमा संलग्न हुने विवरणहरू बुँदागत रूपमा उल्लेख गर्नुहोस् । ५

१६. Cost of Capital भनेको के हो ? Capital Budgeting मा यसको उपयोगिता उल्लेख गर्नुहोस् । ५

१७. नेपालमा आर्थिक वर्षका लागि स्वीकृत बजेटको ठूलो हिस्सा खर्च नहुनु वा गर्न नसक्नुका कारण र त्यसबाट पर्न जाने असरबारे चर्चा गर्नुहोस् । समयमै स्वीकृत बजेट खर्च हुने व्यवस्था सुनिश्चित गर्न चालिनुपर्ने कदमहरूबारे उल्लेख गर्नुहोस् । ३+३+४=१०

:: समाप्त ::

लोक सेवा आयोग

**बीमा समिति, प्रशासन, अधिकृत तृतीय, सहायक निर्देशक पदको**

**प्रतियोगितात्मक लिखित परीक्षा**

२०७४।११।११

पत्र : तृतीय

समय : ४ घण्टा

पूर्णाङ्क : १००

विषय : **अर्थशास्त्र तथा अनुसन्धान पद्धति**

प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

**खण्ड "क"** — ५० अङ्क

१. Capital deepening र Labour deepening Technological progress को अवधारणा प्रस्तुत गर्दै यी दुईबीचको भिन्नता प्रस्तुत गर्नुहोस् । ५

२. विकासशील अर्थतन्त्रका प्रमुख विशेषताहरू उल्लेख गर्नुहोस् । ५

३. नेपालमा प्रत्यक्ष विदेशी लगानी अभिवृद्धि गर्न देखिएका प्रमुख चुनौतीहरू उल्लेख गर्नुहोस् । ५

४. नेपालले राजश्व संकलनमा गरेको प्रगतिबारे विवेचना गर्नुहोस् । ५

५. भुक्तानी सन्तुलन भन्नाले के बुझिन्छ ? भुक्तानी सन्तुलन असन्तुलन भएमा त्यसले सम्बन्धित अर्थतन्त्रमा के असर पार्दछ ? लेख्नुहोस् । ५

६. सामाजिक सुरक्षामा बीमा क्षेत्रले पुऱ्याउने योगदानबारे प्रष्ट पार्नुहोस् । ५

७. Demand Pull र Cost Push Inflation बीचको भिन्नता प्रष्ट्याउनुहोस् । ५

८. नेपालको विद्यमान Tourism Policy को प्रभावकारिताबारे चर्चा गर्नुहोस् । ५

९. नेपालको तेह्रौं योजनाले प्रमुख आर्थिक परिसूचकहरूमा गरेको प्रगतिको समीक्षा गर्नुहोस् । १०

**खण्ड "ख"** — ५० अङ्क

१०. Define and distinguish between Basic Research and Applied Research. 5

११. Explain the importance of theoretical framework in research. 5

१२. Explain the various process of research. 5

१३. Distinguish with examples between nominal and ordinal scales of measurement. 5

१४. If you are assigned to conduct an opinion survey of the farmers about "Animal Insurance Practices in Nepal", suggest a suitable sample design with justification. 5

१५. If you have to design a questionnaire for the research study on "Life Insurance Status in Nepal", what different information would you include in the questionnaire? 5

१६. Discuss the different methods of quantitative data analysis. 5

१७. Why use of "citation and references" is necessary in research reports? Explain. Also give an example of standard reference. 5

१८. What is simple random sampling? Why is random sampling preferable in quantitative research? Explain. 10

:: समाप्त ::

लोक सेवा आयोग

# बीमा समिति, प्रशासन, अधिकृत तृतीय, सहायक निर्देशक पदको

## प्रतियोगितात्मक लिखित परीक्षा

२०७४।११।१२

पत्र : चतुर्थ

समय : ४ घण्टा

विषय : बीमा पूर्णाङ्क : १००

प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

### खण्ड "क"

७० अङ्क

१. बीमाङ्कीय मूल्याङ्कन भनेको के हो ? संक्षिप्तमा व्याख्या गर्नुहोस् । ५

२. "बीमा किनिदैन, बिक्री गरिन्छ ।" यस भनाइलाई पुष्टि गर्नुहोस् । ५

३. सबै जोखिमहरू बीमायोग्य हुँदैनन् । बीमायोग्य जोखिमका प्रमुख लक्षणहरू उल्लेख गर्नुहोस् । ५

४. बीमा नियमावली, २०४९ अनुसार बीमा व्यवसायका किसिमहरू उल्लेख गर्नुहोस् । ५

५. पुनर्बीमा किन गरिन्छ ? पुनर्बीमा गर्दा विचार पुऱ्याउनुपर्ने कुराहरू के के हुन् ? लेख्नुहोस् । २+३=५

६. लघुबीमा भनेको के हो ? लघुबीमाका विशेषताहरू उल्लेख गर्नुहोस् । ५

७. के बीमा समिति अर्धन्यायिक निकाय हो ? पुष्ट्याँइसहित आफ्नो विचार दिनुहोस् । ५

८. आजीवन बीमालेखका प्रकारहरूबारे वर्णन गर्नुहोस् । ५

९. बीमा, सहबीमा तथा पुनर्बीमाहरूबीचको समानता र भिन्नताहरू उल्लेख गर्नुहोस् । ५

१०. बीमा नियमावली, २०४९ मा व्यवस्था गरिएका बीमा कोषहरू के के हुन् ? तीनको प्रयोजनसहित उल्लेख गर्नुहोस् । ५

११. ईञ्जिनियरिङ्ग बीमालेखको सन्दर्भमा निर्माण अवस्था र सञ्चालन अवस्था भन्नाले के बुझिन्छ ? प्रष्ट्याउनुहोस् । ५

१२. कुन कुन अवस्थामा Insurable Interest भएको मानिन्छ ? उदाहरणसहित व्याख्या गर्नुहोस् । ५

१३. व्यक्तिगत जीवनमा बीमाको महत्त्व के हुन्छ ? बताउनुहोस् । ५

१४. असमाप्त जोखिम जगेडा कोष भनेको के हो ? यसको व्यवस्था कसरी गरिन्छ ? लेख्नुहोस् । ५

### खण्ड "ख"

३० अङ्क

१५. नेपालमा बीमा व्यवसायमा देखिएका कमी कमजोरीहरू उदाहरणसहित उल्लेख गर्दै सुधारका लागि के गर्नुपर्ला ? चर्चा गर्नुहोस् । १०

१६. निर्जीवन तथा जीवनको सुरक्षा संयन्त्रको रूपमा रहेको बीमा व्यवसायको उत्पत्ति र विकासबारे विवेचना गर्नुहोस् । १०

१७. बीमा एक विशिष्ट प्रकारको व्यवसाय हुनाले यो निश्चित सिद्धान्तहरूबाट निर्देशित हुन्छ भन्ने सन्दर्भलाई लिएर बीमाका मूलभूत सिद्धान्तहरूको संक्षिप्तमा व्याख्या गर्नुहोस् । १०

:: समाप्त ::

लोक सेवा आयोग

## बीमा समिति, प्रशासन, सहायक प्रथम पदको प्रतियोगितात्मक लिखित परीक्षा

२०७४।११।१३

पत्र : द्वितीय

समय : ३ घण्टा

पूर्णाङ्क : १००

### विषय : कार्यालय व्यवस्थापन तथा लेखा

प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

### खण्ड "क" — ५० अङ्क

१. कार्यालयमा दर्ता र चलानीको आवश्यकताबारे प्रकाश पार्दै दर्ता र चलानी गर्दा ध्यान दिनुपर्ने कुराहरू उल्लेख गर्नुहोस् । ५

२. अभिलेख व्यवस्थापनका प्रमुख तत्वहरू के के हुन् ? वैज्ञानिक र व्यवस्थित अभिलेख प्रणालीका विशेषताको आधारमा चर्चा गर्नुहोस् । ५

३. परीक्षा संचालनका लागि उम्मेदवारको विवरण उपलब्ध गराई दिन लोक सेवा आयोगबाट बीमा समितिलाई लेख्ने पत्रको नमूना मस्यौदा पत्र तयार गर्नुहोस् । ५

४. कार्यालय सञ्चालनमा सार्वजनिक सम्बन्ध व्यवस्थापनको भूमिकाको चर्चा गर्नुहोस् । ५

५. बैठक संचालन गर्दा के-कस्तो प्रकृया अपनाउने गरिन्छ ? लेख्नुहोस् । ५

६. संगठन संचालनमा समन्वयको महत्त्व कस्तो रहन्छ ? बुँदागत रूपमा उत्तर प्रस्तुत गर्नुहोस् । ५

७. समन्वयका लागि आवश्यक तत्वहरू के के हुन् ? उल्लेख गर्नुहोस् । ५

८. नियन्त्रणको सीमालाई प्रभाव पार्ने तत्वहरू उल्लेख गर्दै यसका दुर्वल पक्षहरू लेख्नुहोस् । ३+२=५

९. "कुनै कार्यालयको प्रमुख/व्यवस्थापक र कर्मचारीहरू बीचको असल सम्बन्ध कार्यालयको लक्ष्य प्राप्तिको एक प्रमुख सूचक हो ।" यसको लागि प्रमुख/व्यवस्थापक र कर्मचारीहरू बीच असल सम्बन्ध कायम राख्न प्रमुख/व्यवस्थापक तथा कर्मचारीले गर्नुपर्ने ५/५ वटा कार्यहरू उल्लेख गर्नुहोस् । ५

१०. भर्ना र छनौटबीच के-कस्ता भिन्नताहरू हुन्छन्? उदाहरणसहित लेख्नुहोस् । ५

क्रमश : ...

## खण्ड "ख" — ५० अङ्क

११. बजेटको परिभाषा दिनुहोस् । साथै घाटा बजेटका फाईदा बेफाईदाबारे लेख्नुहोस् । २+३=५

१२. दोहोरो लेखा प्रणाली भन्नाले के बुझिन्छ ? यसका विशेषताहरू उल्लेख गर्नुहोस् । २+३=५

१३. ह्रासकट्टि (Depreciation) किन गरिन्छ ? कारण बताउनुहोस् । ५

१४. एउटा फर्म वा कम्पनीले वासलात (Balance Sheet) किन तयार पार्दछ ? यसले के-कस्ता सूचना प्रदान गर्दछ ? लेख्नुहोस् । ५

१५. कुनै पनि व्यवसायमा जगेडाको व्यवस्था किन गरिन्छ ? उदाहरणसहित प्रष्ट्याउनुहोस् । ५

१६. नाफा नोक्सान खातामा समावेश हुने विषयहरू उल्लेख गर्नुहोस् । ५

१७. लेखा सम्बन्धी सफ्टवेयरको उपयोगिताबारे लेख्नुहोस् । ५

१८. कुनै पनि व्यवसायमा सन्तुलन परीक्षण (Trial Balance) को महत्त्व किन हुन्छ ? दर्शाउनुहोस् । ५

१९. राजश्व व्यवस्थापन सूचना प्रणाली (RMIS) भन्नाले के बुझिन्छ ? सरकारी राजश्व व्यवस्थापनमा यसले के कसरी सहयोग पुऱ्याएको छ ? उल्लेख गर्नुहोस् । ५

२०. गैर व्यापारिक संस्थाले आफ्नो कारोवारको हिसाब (लेखा) राख्ने लेखा सिद्धान्त (Accounting Principle) बारे उल्लेख गर्दै आम्दानी तथा खर्च खाता र प्राप्ति तथा भुक्तानी खाताबीचको भिन्नता औंल्याउनुहोस् । २+३=५

:: समाप्त ::

## लोक सेवा आयोग
## बीमा समिति, प्रशासन, अधिकृत तृतीय, सहायक निर्देशक पदको
## प्रतियोगितात्मक लिखित परीक्षा

२०७३।९।२७

पत्र : द्वितीय
समय : ४ घण्टा

पूर्णाङ्क : १००

### विषय : व्यवस्थापन, आयोजना व्यवस्थापन तथा वित्त

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । परीक्षार्थीले अंग्रेजी वा नेपाली अथवा दुवै माध्यमबाट उत्तर दिन सक्नेछन् ।

### खण्ड (क) : व्यवस्थापन — ४० अङ्क

१. व्यवस्थापनको सन्दर्भमा Human Relation Approach भन्नाले के बुझिन्छ ? यसका विशेषताहरूको वर्णन गर्नुहोस् । २+३=५

२. कुनै संगठनमा कार्यरत कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनलाई वस्तुनिष्ठ बनाउन के के गर्नुपर्दछ ? उल्लेख गर्नुहोस् । ५

३. संगठन निर्माणका सिद्धान्तबारे चर्चा गर्नुहोस् । ५

४. निर्णय निर्माण प्रक्रिया (Decision making process) को परिचय गराउँदै यसमा सूचना प्रविधिको महत्त्व दर्शाउनुहोस् । २+३=५

५. "कर्मचारीहरूलाई काम प्रति उत्प्रेरित गर्न आर्थिक उत्प्रेरणाभन्दा संगठनात्मक संस्कृति वढी महत्त्वपूर्ण हुन्छ" भन्ने भनाइप्रति आफ्नो धारणा राख्नुहोस् । ५

६. संगठनको उद्देश्य हासिल गर्नका लागि रणनीतिहरू (Strategies) को निर्माण र कार्यान्वयन कसरी गरिन्छ ? संक्षेपमा उल्लेख गर्नुहोस् । ५

७. मानव संसाधन व्यवस्थापनका प्रमुख आयामहरूका बारेमा चर्चा गर्दै मानव संसाधन योजना निर्माण गर्दा ध्यान दिनुपर्ने विषयहरूमाथि प्रकाश पार्नुहोस् । ५+५=१०

### खण्ड (ख) : आयोजना व्यवस्थापन — २५ अङ्क

८. नेपालका कतिपय आयोजनाहरूमा बिनियोजित बजेट खर्च हुन नसकेको साथै श्रोतको प्रभावकारी उपयोग हुन नसकेको भनी आलोचना हुने गरेको सन्दर्भमा आयोजनाहरूमा बजेट बिनियोजन गर्दा यस्ता प्रकारका समस्यालाई कम गर्न आयोजनाका कुन पक्षहरूमा ध्यान दिनुपर्ला ? ५

९. नेपालको आयोजना प्रणालीमा आयोजना व्यवस्थापनका सिद्धान्तहरूको प्रयोग कत्तिको भएको पाउनुहुन्छ ? चर्चा गर्नुहोस् । ५

१०. आयोजना व्यवस्थापनमा Log Frame Analysis भन्नाले के बुझिन्छ ? आयोजनाको अनुगमन र मूल्याङ्कन प्रकृयामा यसको सान्दर्भिकता उल्लेख गर्नुहोस् । २.५+२.५=५

११. एक प्रतिष्ठित व्यवसायीले धनगढी क्षेत्र वरिपरि एउटा डेरी उद्योग स्थापना गर्ने उद्देश्यले Project Feasibility Report तयार गर्न परामर्शदाता नियुक्त गरे । बैंकमा ऋणका लागि समेत आवेदन गर्नुपर्ने भएकाले यस उद्योगको व्यापारिक संभाव्यताबारे के के विषयहरू समावेश गरी ती परामर्शदाताले आफ्नो प्रतिवेदन प्रस्तुत गर्नुपर्दछ ? ती विषयहरूको सान्दर्भिकता उल्लेख गर्दै प्रतिवेदनको Table of Contents प्रस्तुत गर्नुहोस् । १०

## खण्ड (ग) : वित्त

३५ अङ्क

१२. पूँजीगत लगानी निर्णयमा Modified Internal Rate of Returns (MIRR) र Internal Rate of Return (IRR) तरिका कुनचाँहि उपयुक्त हुन्छ र किन ? ती दुईबीच तुलना गर्नुहोस् । ५

१३. पोर्टफोलियो विश्लेषण (Portfolio Analysis) भनेको के हो ? उदाहरणसहित उल्लेख गर्नुहोस् । ५

१४. नेपालको सरकारी वित्तीय प्रणालीका सवल र दुर्वल पक्षहरू बुँदागत रूपमा उल्लेख गर्नुहोस् । ५

१५. पूँजीगत बजेट (Capital Budgeting) भनेको के हो ? एक उत्पादनमूलक संस्थाले नयाँ वस्तु उत्पादन गर्न थप मेशीनरी खरिद र त्यसका लागि भवन पनि निर्माण गर्नुपर्ने आवश्यकता देखिएको विषयमा निर्णय गर्न के कस्ता कुराहरूको विश्लेषण गर्न आवश्यक पर्दछ ? उल्लेख गर्नुहोस् । २.५+२.५=५

१६. वित्तीय विवरणको विश्लेषणमा अनुपात विश्लेषण (Ratio Analysis) महत्त्वपूर्ण औजार हुँदाहुदै पनि यसका सीमाहरू लेख्नुहोस् । ५

१७. वित्तीय बजारको परिचय दिनुहोस् । पूँजीबजार र मुद्रा बजारबीचको भिन्नता सविस्तार औँल्याउनुहोस् । २+८=१०

:: समाप्त ::

## लोक सेवा आयोग
## बीमा समिति, प्रशासन, अधिकृत तृतीय, सहायक निर्देशक पदको
## प्रतियोगितात्मक लिखित परीक्षा

२०७३।९।२८

पत्र : तृतीय
समय : ४ घण्टा

पूर्णाङ्क : १००

विषय : **अर्थशास्त्र तथा अनुसन्धान पद्धति**

| |
|---|
| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । परीक्षार्थीले अंग्रेजी वा नेपाली अथवा दुवै माध्यमबाट उत्तर दिन सक्नेछन् । |

### खण्ड (क) : अर्थशास्त्र — ५० अङ्क

१. Solow Model मा आधारित भएर नेपालको आर्थिक वृद्धिलाई प्रभाव पार्ने प्रमुख श्रोतहरू के के हुन सक्लान् ? तर्कसहित व्याख्या गर्नुहोस् । १०

२. सीमान्त लागत वक्र (Marginal Cost Curve) र औषत लागत वक्र (Average Cost Curve) बीचको सम्बन्धलाई प्रष्ट पार्नुहोस् । ५

३. नेपालमा देखिएको आय असमानता (Income inequality) को प्रवृत्ति (Trend) को विश्लेषण गर्दै वर्तमान स्थितिको संक्षिप्त विवेचना गर्नुहोस् । ५

४. नेपाललाई अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्नका लागि सामना गर्नुपर्ने मूलभूत चुनौतिहरू उल्लेख गर्नुहोस् । ५

५. नेपालको भारतसँगको व्यापार घाटाको अवस्था बताउँदै यसलाई कम गर्ने सुझाव दिनुहोस् । ५

६. नेपाल सरकारले विकास बजेट खर्च गर्न नसक्नुका प्रमुख कारणहरू उल्लेख गर्नुहोस् । ५

७. नेपालको बैदेशिक ऋण कति पुगेको छ ? हाल बैदेशिक ऋणको परिचालन कस्तो छ ? ५

८. नेपालको भुक्तान संतुलनको संरचनाबारे व्याख्या गर्नुहोस् । ५

९. नेपालको अर्थतन्त्रमा बीमा क्षेत्रको उद्देश्यमाथि टिप्पणी गर्नुहोस । ५

### खण्ड (ख) : अनुसन्धान पद्धति — ५० अङ्क

१०. Explain the imortance of scientific methods in research. १०

११. अनुसन्धानमा Hypothesis कसरी निश्चित गरिन्छ ? एक उदाहरण पेश गर्नुहोस् । ५

१२. अनुसन्धानमा विश्वसनियता (Realibility) र बैधता (Validity) किन आवश्यक छ ? प्रष्ट पार्नुहोस् । ५

१३. अनुसन्धान ढाँचाका सम्वन्धमा विवेचना गर्नुहोस् । ५

१४. Explain the situations where secondary data are preferred to primary data in research. ५

१५. तथ्याङ्कलाई संक्षेपीकरण गरी प्रस्तुत गर्ने कुनै एक तरिकाको बारेमा चर्चा गर्नुहोस् । ५

१६. Distinguish between the formats of text footnotes and table footnotes. ५

१७. What is research problem ? What are the criteria of a good research problem ? ५

१८. Explain about the stratified random sampling. ५

:: समाप्त ::

लोक सेवा आयोग

# बीमा समिति, प्रशासन, अधिकृत तृतीय, सहायक निर्देशक पदको

## प्रतियोगितात्मक लिखित परीक्षा

२०७३।९।२९

पत्र : चतुर्थ

समय : ४ घण्टा

पूर्णाङ्क : १००

### विषय : बीमा **(Insurance)**

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । परीक्षार्थीले अंग्रेजी वा नेपाली अथवा दुवै माध्यमबाट उत्तर दिन सक्नेछन् ।

### खण्ड क

७० अङ्क

१. बीमा, सह-बीमा तथा पुनर्बीमाहरू बीचको समानता र भिन्नताहरू उल्लेख गर्नुहोस् । ५

२. बीमा नियमावली, २०४९ मा व्यवस्था गरिएका बीमा कोषहरू र तीनका प्रयोजन प्रष्ट पार्नुहोस् । ५

३. नेपालमा बीमकको प्रमुख कार्यकारी अधिकृतको नियुक्तिका लागि तोकिएको न्यूनतम योग्यता उल्लेख गर्नुहोस् । ५

४. असमाप्त जोखिम जगेडा कोष भनेको के हो ? यसको व्यवस्था कसरी गरिन्छ ? लेख्नुहोस् । ५

५. बीमायोग्य हित (Insurable Interest) को सम्बन्धमा संक्षिप्त वर्णन गर्नुहोस् । ५

६. लघु बीमा भनेको के हो ? यस अर्न्तगतका बीमालेखहरूको परिचय गराउनुहोस् । ५

७. म्यादी जीवन बीमा र सावधिक जीवन बीमाको समानता र भिन्नताहरू लेख्नुहोस् । ५

८. नेपालमा पुनर्बीमा बजारको अवस्थाबारे चर्चा गर्दै थप विकास गर्न सरकारी क्षेत्रबाट लिनुपर्ने नीतिगत निर्णयको बारेमा सुझाव दिनुहोस् । ५

९. हवाई बीमाको परिचय दिई यस अन्तर्गत समावेश हुने दायित्वहरू उल्लेख गर्नुहोस् । ५

१०. निर्जीवन बीमाको क्षतिपूर्तिको सिद्धान्त (Principle of indeminity) भनेको के हो ? के यो सिद्धान्त जीवन बीमामा लागू हुनसक्छ ? ५

११. अभिकर्ता कसलाई भनिन्छ ? बीमा व्यवसायमा अभिकर्ता नहुँदा कस्तो असर पर्न सक्दछ ? ५

१२. बीमा नियमावलीले निर्जीवन बीमालाई कुन कुन वर्ग (Category) मा बर्गीकरण गरेको छ ? कुनै दुई बीमाको बारेमा संक्षिप्त व्याख्या गर्नुहोस् । ५

१३. बीमा अभिकर्ता र बीमा दलाल भन्नाले क-कसलाई जनाउँछ ? तिनीहरूको बीचमा के फरक छ ? उल्लेख गर्नुहोस् । २.५+२.५=५

१४. बीमा ऐन, २०४९ अनुसार बीमा व्यवसायका प्रकार र तीनका छोटकरीमा परिचय दिनुहोस् । ५

### खण्ड ख

३० अङ्क

१५. बीमा व्यवसायको संस्थागत विकासमा बीमा समितिले पुऱ्याएको योगदानबारे टिप्पणी गर्नुहोस् । १०

१६. नेपालमा बीमा व्यवसाय शुरू भएको पाँच दशक भै सक्दा पनि बीमाको पहुँच करिब ८ प्रतिशत जनतासम्म मात्र पुग्नाका कारणहरू तथा सोका सुधारका लागि सुझाव प्रस्तुत गर्नुहोस् । १०

१७. बीमा सर्भेयरले पालना गर्नुपर्ने आचारसंहिता (Code of Conduct) बारे समीक्षात्मक चर्चा गर्नुहोस् । १०

:: समाप्त ::